# "**सम्पत्ति पत्रिका**" प्रकाशनका लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८१।०६।०६ गते।

यस विभागको वार्षिक प्रकाशन सम्पत्ति पत्रिकाको नँया अंक प्रकाशन गर्नुपर्ने सन्दर्भमा उक्त पत्रिकामा लेखहरु समावेश गर्न तपसिलका आधारहरु बमोजिम लेख रचनाहरु प्राप्त गरी प्रकाशित गर्ने निर्णय भएको हुँदा इच्छुक विद्वान लेखकहरुले संवत् २०८१ साल कार्तिक मसान्तसम्म आफ्ना लेख रचनाहरु उपलब्ध गराई दिनहुन अनुरोध छ।

क. Anti Money Laundering/ Combating Terroist Financing, Financial Crime and Financial Investigation सँग सम्बन्धित विषयहरुमा केन्द्रित रही व्यवहारिक प्रयोग र अन्य मुलुकहरुको अभ्यास अनुभव र मुद्दा विश्लेषण सँग सम्बन्धित लेख रचनाहरु हुनुपर्नेछ। उल्लेखित विषयवस्तुमा आधारित भई नवीनतम् सिद्धान्त, विधि प्रविधि र व्यवहारिक पक्षलाई आत्मसात गरी अनुसन्धानमूलक, विचारमूलक, विश्लेषणात्मक र मौलिक लेखहरुलाई छनोटमा प्राथमिकता दिइनेछ।

ख. सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा नियमन, सुपरिवेक्षण, जोखिम मूल्यांकन, AML/CFT नीति र प्रतिवेदनकारी निकायहरुको वर्णात्मक, विश्लेषणात्मक , तुलनात्मक प्रकृतिका लेखहरु हुनुपर्नेछ।

ग. सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा विधिशास्त्रीय मान्यता, न्यायिक दृष्टिकोण, सजाय निर्धारण, विश्व व्यापी र दक्षिण एशियाली मुलुकको अभ्यास, कमन ल र सिभिल ल अवलम्बन गरेको देशहरुको अदालती दृष्टिकोण, नजीर, सिद्धान्त, Landmark cases को विवेचना गरेको हुनुपर्नेछ।

घ. AML/CFT Standards, International Obligations, Domestication of International Instruments with regards to Nepalese Legal System जस्ता विषयहरु समाबेश गरिएको हुनुपर्नेछ।

ङ. Misuse of legal entities, exploitations of regualtory gaps, emerging trends in ML, vulnerable sectors- research based articles हरु लेख्न लेखक तथा संकलकहरुज्यूहरुले ध्यान दिनुपर्नेछ।

च. लेख रचनाहरु A4 साइजमा हुनुपर्नेछ। नेपाली लेखहरु Unicode, Kalimati, Font size 14 र अङ्ग्रेजी लेखहरु Times New Roman, Font size 12 मा १५०० देखि ४००० शब्दको हुनुपर्नेछ।

छ. लेख रचना पठाँउदा आफ्नो संक्षिप्त परिचय, ईमेल र फोन नं उपलब्ध गराउनुपर्नेछ। साथै लेख रचनाको .soft copy Email id: sampatijournal@dmli.gov.np मा समेत उपलब्ध गराउनु पर्नेछ।

ज. प्राप्त लेख रचनाहरु मध्ये प्रकाशनको लागि उपयुक्त लेख रचना छनोट गर्ने अधिकार सम्पादक मण्डलमा निहित रहनेछ।

झ. लेख रचनामा व्यक्त गरिएका विचार लेखकका स्वतन्त्र एवं निजी विचारहरु भएकोले उक्त लेखको जिम्मेवार स्वयं हुनुपर्नेछ। यसको लागि विभाग र सम्पादक मण्डल जवाफदेही हुने छैन।

ञ. प्रकाशित लेख रचनाका लागि उचित पारिश्रमिकको व्यवस्था गरिएको छ।

सम्पत्ति पत्रिका प्रकाशन तयारी समिति
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८